मिति : २०७६/४/२ गते
समय : विहान ११:०० बजे
स्थान : नगरपालिका कार्यालय
रामेछाप

आज मिति २०७६ साल श्रावण २ गतेका दिन रामेछाप न.पा. प्रमुख श्री नर वहादुर थापा मगर ज्यूको अध्यक्षता तथा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु गरियो ।

– : उपस्थिति : –

०१. नगरपालिका प्रमुख, श्री नर वहादुर थापा मगर
०२. नगरपालिका उप प्रमुख, श्री सृजना खड्का
०३. वडा अध्यक्ष, वडा नं. १, श्री नर वहादुर थापा क्षेत्री
०४. वडा अध्यक्ष, वडा नं. २, श्री निर वहादुर श्रेष्ठ
०५. वडा अध्यक्ष, वडा नं. ३, श्री भूपालराज श्रेष्ठ
०६. वडा अध्यक्ष, वडा नं. ४, श्री टुपेन्द्र वहादुर तामाङ.
०७. वडा अध्यक्ष, वडा नं. ५, श्री भिम वहादुर तामाङ.
०८. वडा अध्यक्ष, वडा नं. ६, श्री धन वहादुर खड्का
०९. वडा अध्यक्ष, वडा नं. ७, श्री समीर कार्की
१०. वडा अध्यक्ष, वडा नं. ८, श्री केदार कार्की
११. वडा अध्यक्ष, वडा नं. ९, श्री चन्द्र वहादुर श्रेष्ठ
१२. कार्यपालिका सदस्य, श्री जमुना हायू
१३. कार्यपालिका सदस्य, श्री समिता वि.क.
१४. कार्यपालिका सदस्य, श्री ज्ञानुदेवी वस्नेत (कार्की) ज्ञानुका
१५. कार्यपालिका सदस्य, श्री अनिता काफ्ले
१६. कार्यपालिका सदस्य, श्री कविता रिसाल
१७. कार्यपालिका सदस्य, श्री रुकुम हायू
१८. कार्यपालिका सदस्य, श्री सरोज कटुवाल
१९. कार्यपालिका सदस्य, श्री जनकराज सुनुवार
२०. प्रमुख प्रशासकीय अधिकृत, श्री रमेश गौतम

आमन्त्रीत :-
१. [redacted] लै. अ. मदन सुवेदी

Scanned with CamScanner

निर्णयहरुः

१. २०७६/०३/२६ गतेदेखि निरन्तर रुपमा भएको अविरल वर्षाको कारण विद्युत् तथा इन्टरनेट सेवामा असर पर्न गई आउने/जाने क्रम निरन्तर रुपमा चलिरहेको, वर्षातको कारणले योजना अनुगमन कार्य कठिनाइ भएको, समयमै बील प्राप्त हुन कठिनाइ भई ढिला बील प्राप्त भएको, आर्थिक प्रशासन शाखामा कार्य गर्ने १ जनामात्र जनशक्ति भएको अवस्थामा मिति २०७६/०३/३१ गते वेलुका देखि नै विद्युत् तथा इन्टरनेट सेवामा समस्या देखा परेको कारणले आर्थिक वर्षको अन्त्यलाई मध्यनजर गर्दै सम्भव भए सम्म शुत्र प्रणालीबाट नै भौचर उठाउने र सम्भव नभएको अवस्थामा म्यानुअल्ली भौचर उठाउने कार्यलाई निरन्तरता दिएको, यसरी उठाउने सन्दर्भमा बाँकी रहेका भौचरहरु समानीकरणको हकमा भौचरहरुलाई आगामी वर्ष अ.ल्या.वाट खर्च लेख्ने र म्यानुअल्ली उठाईएको शर्शत तर्फका भौचरहरुको सन्दर्भमा प्राविधिक प्रश्न उठाइएमा भएको खर्चलाई आगामी वर्ष समानीकरण शिर्षकमा समायोजन गर्ने ।
२. प्रत्येक वडामा प्राविधिक कर्मचारी खटाउने,
३. वाढी तथा पहिरो पिडितहरुको लगत संकलन गरी आवश्यक व्यवस्था गर्ने,
४. वाटो सफा गर्ने सम्वन्धमा यस नगरपालिकाका साधनहरुलाई परिचालन गर्ने, थप आवश्यकता अनुसार थप साधन परिचालन गर्ने सक्ने र सो कार्यको लागि प्राविधिक कर्मचारीहरुलाई जिम्मा दिने,
५. जिल्लास्थित संघ/प्रदेशका कार्यालयहरुसँग उद्धारका सामाग्रीहरु जाली/बोरा/पाइप माग गर्ने,
६. सम्वन्धित वडाको योजनाहरु बाँडफाँड गरी २०७६ साल भदौ ३० गतेभित्र इष्टिमेट तथा सम्झौताको लागि पेश गर्ने,
७. वडा कार्यालयमा विनियोजित बजेटको विस्तृत योजना रकम सहित मिति २०७६/०५/१० गतेभित्र पेश गर्ने ।